# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९** **संख्याः ३** **मितिः २०८२।०४।०५**

## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बागमती गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८२

**प्रस्तावना :** नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई स्वशासन र आत्मनिर्णयको हक सुनिश्चित गरेको, विकास निर्माण, सेवा प्रवाह तथा स्रोत साधनको उपयोग र व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यले स्थानीय तहलाई नीति निर्माण तथा कार्यान्वयनको अधिकार प्रदान गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकार सूची, अनुसूची ९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कानून निर्माण गर्ने अधिकार प्रदान गरेको सन्दर्भमा,

विकास निर्माण, सेवा प्रवाह, सामाजिक-आर्थिक रुपान्तरण र समृद्धिका लागि निजी क्षेत्र, गैरसरकारी संस्था, समुदाय तथा अन्य साझेदारसँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने आवश्यकता दृष्टिगत गरी,

साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको विधि, प्रक्रिया, दायित्व, अधिकार तथा दायित्वहरूको स्पष्ट व्यवस्था गर्ने अभिप्रायले,

नेपालको संविधानको अनुसूची ८ (७), स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२), (छ) र दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी, बागमती गाउँपालिको गाउँसभाले यो ऐन अनुमोदन गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यस ऐनको नाम " बागमती गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८२" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क) "ऐन"** भन्नाले बागमती गाउँपालिकाको बागमती गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८२ लाई सम्झनुपर्छ ।

**(ख) "सभा"** भन्नाले बागमती गाउँपालिकाको सभालाई सम्झनुपर्छ।

**(ग) "गाउँपालिका"** भन्नाले बागमती गाउँपालिका सम्झनु पर्छ ।

**(घ) "कार्यपालिका"** भन्नाले बागमती गाउँ कार्यपालिका सम्झनुपर्छ।

**(ङ) "अध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(च) **"उपाध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **''वडा"** भन्नाले बागमती गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(झ) **'सम्झौता'** भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम बागमती गाउँपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ ।

(ञ) **'साझेदारी'** भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, संचालन तथा व्यवस्थापनका साथै आंशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्नेगरी यस गाउँपालिका र साझेदारबीच भएको करार प्रबन्ध सम्झनु पर्छ ।

(ट) **'साझेदार'** भन्नाले यस गाउँपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ ।

(ठ) **'तोकिएको'** वा **'तोकिए बमोजिम'** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रमको पहिचान तथा स्वीकृति

**३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेः** १) यस गाउँपालिकासँग मिलेर अल्पकालीन तथा दीर्घकालीन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२) यस ऐन बमोजिम संचालन हुने कार्यक्रम गाउँवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनु पर्नेछ ।

३) गाउँपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

४) साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्नेछ ।

५) वृहत् पूर्वाधार र ठूला आयोजनाको लागि स्रोत सुनिश्चित गरेरमात्र साझेदारी गर्नुपर्नेछ ।

६) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्नुपर्नेछ ।

७) साझेदारीमा संचालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस गाउँपालिकाले कार्यविधि बनाएर तय गर्नेछ ।

**४. साझेदारीमा संचालन गरिने कार्यक्रमका विशेषताः** १) साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा देहायका विशेषताहरु हुनुपर्नेछ :

(क) साझेदारले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिइएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको,

(घ) गाउँपालिकाको वृहत्तर हितको उद्देश्य भएको ।

२) साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा समुदायको आर्थिक समृद्धि, दिगो आर्थिक विकास, वातावरणीय सन्तुलन, उद्योग र उद्यमशीलता विकास, स्थानीय बजार विस्तार तथा व्यवस्थापन लगायतका क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रक्रियाः** १) गाउँपालिकाले यस ऐन बमोजिम गाउँसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महसुस गरेका साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यक पर्ने एकवर्षीय वा दीर्घकालीन योजना तथा कार्यक्रमहरुको पहिचान गर्नेछ ।

२) गाउँपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः

(क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

(ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

च) तोकिए बमोजिमका अन्य विवरण ।

३) उपदफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

४) सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदनपत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

६) गाउँपालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएको अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ ।

**६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनः** (१) गाउँपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३) कार्यक्रम कार्यान्वयनको क्रममा गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -३
## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

**७. सम्झौता गर्नेः** १) गाउँपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिस बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ ।

२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

**८. वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी :** १) यस गाउँपालिकाको कार्यक्रममा टेवा पुऱ्याउने उद्देश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम संचालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ ।

(क) यसरी गाउँपालिकासँग साझेदारीमा आउने साझेदारलाई कार्यक्रम संचालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्देश्य, आर्थिक प्रतिफल प्राप्त गर्ने रहे नरहेको विचार गरी पेश्की जमानत आवश्यक नपर्ने गरी व्यवस्था गर्न सकिनेछ।

(ख) पेश्की जमानत आवश्यक हुने नहुने व्यहोरा प्रस्ताव तथा सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा बिल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ ।

३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रक्रिया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** सम्झौता गरी कार्यक्रमको कार्यान्वयन गर्दा दफा ६(२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ वा विशेषज्ञ मार्फत पनि गराउन सकिनेछ ।

## परिच्छेद-५
## विविध

**१०. विवादको समाधानः** १) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा गाउँपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नं पर्नेछ ।

२) उपदफा (१) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानन बमोजिम हुनेछ ।

**११. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्नेः** साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**१२. यसै ऐन बमोजिम हुनेः** यो ऐन प्रारम्भ भएका वखत कार्यविधि, निर्देशिका, ऐन, नियम तथा सम्झौता बमोजिम संचालनमा रहेका साझेदारी कार्यक्रम तथा परियोजनाहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

**१३. नियम बनाउने अधिकारः** यस ऐनमा व्यवस्था भएका प्रावधानहरुको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१४. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:** यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि, नियमावली, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**१५. संशोधन तथा हेरफेर:** यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँसभाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**१६. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने:** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार गाउँसभामा निहित हुनेछ ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर